कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक २६ (संयुक्तांक २८०) ने. सं. ११३७ पोहेलागा त्रयोदशी बुधवाः २०७३ माघ १२ गते बुधवार (Jan 25, 2017) मूल्य रु.१०/- पृष्ठ १६



MOBILAND
ELECTRONIC PVT. LTD.

HEAD OFFICE
Bahirigaun, Kirtipur-17
Kathmandu, Nepal
Phone No : 01-4334235

SHOWROOM
Tyanglaphat Marg
Kirtipur-3, Kathmandu, Nepal
Phone No.: 01-4334235

EXCELLENCE THROUGH SERVICE



www.mobilandelectronic.com
facebook.com/mobilandelectronic

# अस्वीकृत आन्दोलन



–डा.कविताराम श्रेष्ठ

विज्ञान र प्रविधिले आज हामीलाई हाम्रा पुरातन विरासतहरूलाई हेर्ने वस्तुवादी दृष्टिकोण प्रदान गरेको छ । त्यसरी नै आजका धेरै लेखक कवी तथा सर्जकहरू पुराना जीर्ण मान्यताहरूका दूरुह सेपबाट मुक्त हुन सफल भएका छन् । उनीहरूका कलमहरु वस्तुनीष्ठ भएका छन् । हिजोभन्दा आज निश्चयनै सजिलो संघर्षको स्थिति छ । तर पनि सत्तासीन मूल्य र मान्यताहरुको प्रकृति नै यस्तो हुन्छ कि आफ्ना अस्तित्व कायम राख्न ती हरसमयमा उत्तिकै चातुर्यताका साथ संघर्षरत रहन्छन्। जुन हदमा विद्रोह हुन्छ त्यही हदमा त्यो प्रतिकृयात्मक हुन्छ। त्यसैले आज जुन हदमा कलमहरु वस्तुनीष्ठ भएका छन् त्यही हदका छटपटीका साथ त्यस्ता मूल्यहरु पनि पुनरुत्थानका लागि कृयाशील भइरहेका छन्। अतः गतिवादी सर्जकहरुलाई आज पनि उत्तिकै सघर्षशील हुनुपरेको छ जस्तो हरेक युगमा हुने गरेको थियो। प्रगतिउन्मूख सर्जकहरुको नियति नै यही हो कि उनीहरु सँधै परिवर्तनको लागि संघर्षशील हुन्छन् र स्थापित मान्यताहरुबाट अस्वीकृत रहन्छन्।

व्यक्तिको लागि तात्कालीन समय सँधै सबैभन्दा महत्वपूर्ण हुन्छ। त्यसैकारणले तात्कालीन समयको चित्रणमा सँधै अतिसयोक्ति हुन्छ नै । यही संवेदनशीलताका कारण गतिवादी सर्जकहरु बिगतको तुलनामा बढी संवेदनशील हुन्छन् र बढी उत्तरदायी बन्दै जान्छन्। यस्ता दायित्वबोधमा प्रगतिउन्मूख सर्जकहरुलाई यो लाग्नु स्वभाविक हुन्छ कि तात्कालीन समयमा उनीहरुका अघाडि बढी हाँकहरु खडा छन् र पूरातन मूल्यहरुको बिरुद्ध खरो उत्रनु छ।

नेपालको परिप्रेक्षमा भन्न पर्दा यही भन्नपर्ने हुन्छ– आज धेरै सर्जकहरुले समाजलाई नयाँ दिशा दिने प्रयासमा विज्ञानसम्मत सिर्जनात्मक जीवनवादी मौलिक साहित्य श्रृजना गरिरहेका छन् । तर साथसाथै तत्कालिन मूल्य र मान्यताहरुका कसीमा यस्ता कैयूँ रचनाहरु स्वीकृत नभई उपेक्षित वा बिर्सिएका वा ओभ्mेलमा परेका छन्।

यसैको सन्दर्भमा साहित्यकारहरुको एउटा जमातले ०२६ सालमा नेपालमा संजीवनी नामक साहित्यिक समसामयिक पत्रिकामार्फत अस्वीकृत जमातको नाममा अस्वीकृत बिचार साहित्यिक आन्दोलनको उद्घोष गर्‍यो । तर विडम्बना यो छ– यो ऐतिहासिक आन्दोलनको बारेमा कुनै पनि जिम्मेबार सँस्थाहरुले नेपाली साहित्यको इतिहासमा पंजीकृत गर्ने शदाशयता देखाएनन्। त्यो यसकारणले कि सत्तामा रहेका ती जिम्मेवार सँस्थाहरु आफै आतंकित हुन पुगे कि कतै उनीहरुकै खान्की तथा सुन्दर भविष्यमा यो आन्दोलनले आघात नपुर्‍याउन् । उनीहरुको लागि यस आन्दोलनलाई अस्वीकार गर्नमै गनिमत थियो । कीरा फटेंग्रासमेत जीवन निर्वाहको लागि हरेक उल्टा परिस्थितिहरुमा बाटो पहिल्याउँछ भने हामी त सोँचको धनी मान्छे भन्ने जन्तु भयौं । हामी किन पछाडि पर्छौं ?

हामी आम मान्छेजातीले हरेक युगमा थिचोमीचो गर्ने आततायी मूल्यहरु विरुद्ध सदा लड्यौं र हामी आमजनाताले जितेका छौं । हामी सँधै जित्छौँ। हाम्रा लडाइँ सदा उच्च विन्दुमा पुगोस् यही कामनालाई सगाउने हेतुसाथ यस वेवसाइटको स्थापना भएको छ– अस्वीकृतहरुको एउटा मंचको रुपमा।

राजनीतिक सामाजिक साँस्कृतिक आर्थिक भौगोलिक साम्प्रदायिक धार्मिक लैंगिक रुपले हराइएका थिचिएका मिचिएका बिर्सिएका शासित भएका छाँयामा परिएका शोषित भएका दलित भएका सबैसबै अस्वीकृतहरुको यो साभmा मंच हो। यस जमातलाई अस्वीकृत भन्ने नाम तपाईंलाई स्वीकार्य छैन भने त्यो पनि सही आफ्नै नामसाथ आए हुन्छ । तर आउनुहोस्। त्यस वर्गको मुक्तिको कामना गर्नुहुन्छ भने मुख्य कुरा त त्यही हो। नामसँग राखिएको केही छैन। ऐक्यबद्धता गठीलो हुनै पर्छ आउनुहोस् तपाईलाई अर्को नाम फुरेको छ भने त्यो नै सही। नाम जे राख्नुहोस् तर आउनुहोस् यस आन्दोलनमा आबद्ध होउँ।

जसरी हुन्छ आमजनतालाई अस्वीकृत गर्ने एकएक कडीलाई– त्यसका एकएक इँटालाई तोडौं। एक थुकी सुकी, सय थुकी नदी भनिन्छ। हातमा हात मिलाएर लडौं सबैसबै आममानबजातिका शोषकपक्षलाई खण्डित गरौं।

हाम्रो मान्यता छ– ऐक्यबद्धता जसरी जनाए पनि हुन्छ । कसैले साहित्यमार्फत यसलाई बुलन्द गरौं त कसैले कुनै पनि कला मार्फत। फरक केही छैन । हेर्नुहोस् न हामीले ०३१ सालमा पंचायति हुकुमी शासनविरुद्ध न्यूरोडको सार्वजनिक स्थलमा बुटपालिस अभियान गर ेर एउटा सांकेतिक विरोधको नमूना पेश गेका थियौं।

अस्वीकृत रहेका हरेक जमातले हरेक अनुकूलहीनतामा पनि जीवन निर्वाह गर्ने बाटो पहिल्याउँछ नै। त्यसमाथि एउटा सहयोगी बाटो प्रशस्त गरियो भने त्यस्ता संघर्षले अर्को उचाई प्राप्त गर्दछ। त्यही बाटो प्रशस्त गर्न यो वेबसाइट खडा गरिएको हो।

यो अस्वीकृत जमातकोलागि मंच हो प्लेटफर्म हो । अस्वीकृतवादी समस्त सृजनशीलहरु साथीहरुलाई आह्वान छ– हाम्रो आन्दोलन जारी थियो जारी रहने छ र यस वेबसाइटलाई हार्दिकताका साथ भरपूर उपयोग गरौं।

**नयाँ परिपेक्ष्यामा अस्वीकृत साहित्यको घोषणा – डा. कविताराम श्रेष्ठ**

नेपाली समाजले भरखरै आएर एउटा जीर्ण अनुपयोगी व्यवस्थालाई विस्थापित गरी नयाँ सामाजिक व्यवस्थालाई स्थापना गर्ने महान कार्यमा पाइला चालेको अवस्था छ। ज-जसको यस संघर्षमा सहभागिता थियो त्य-त्यस्ले यस नवीन समाज निर्माणमा मौका पाउनुपर्छ तर निर्माणमा मौका लिनु वा पाउनु भनेको त्यसको फल बाँडेर खाने अर्थमा लिनु हुन्न।

मान्छेका सम्पूर्ण चेतना सीर्फ आफ्ना बाँच्नुपर्ने स्वार्थमै केन्द्रित रहन्छ। त्यसैले स्वार्थी हुनु मान्छेको अबगुण पक्कै होइन । त्यो चेतनासम्मत स्वाभाविक मानववीय गुण हो। त्यही चेतनशील सुरक्षाको स्वाभाविक स्वार्थकै कारणले मान्छेहरु समूहमा एकत्रित भई सामाजिक प्राणी हुन पुग्दछन् र अरु पशुहरुभन्दा माथि उठेर अनेकानेक भौतिक र साँस्कृतिक मूल्य र मान्यताहरुको निर्माण गर्दछन् । यसको प्रतिफलमा उनिहरुले भाग खोज्छन् भने त्यसलाई निकृष्टतम स्वार्थको दर्जा दिनु अमानवीय हुन्छ । त्यही अमानवियतालेनै सघर्षहरु निम्ताउने हो । होइन भने सहभोगकै आकर्षणले मान्छेहरुले निर्माणमा सहभागिता दिएको हुन्छ। यसरी चेतनाले स्वार्थलाई, स्वार्थले निर्माणलाई, निर्माणले, नयाँ सुसंस्कृत चेतनालाई विकास गर्दछ र फेरि त्यही प्रकृयाको पुनरावृत्तिले समाज अग्रतातिर निर्मित भइरहेको हुन्छ। समष्टीमा चेतना स्वार्थ र निर्माणकै अर्को नाम हो मान्छे। जति मान्छे चेतनशील छ त्यति ऊ सक्षम स्वार्थी बन्दछ। यो स्वाभाविक मानवीय गुणबाट हामीलाई तर्सनु छैन। बरु यस स्वाभाविक स्वार्थलाई पशुवत व्यक्तिबादिताबाट सामाजिकतातर्फ आकर्षित गर्नु नै मान्छेभित्रको सुसंस्कृत चेतनशीलताको पुरुषार्थ हुन्छ। यो चेतनासम्मत मान्छेत्व भित्रको स्वाभाविक नियम हो। मानव सभ्यता लाखौं वर्षको संघर्षमा त्यतै प्रवृत छ र मानववंश रहेसम्म पनि हुने त्यही हो। र नयाँ नेपालको निर्माणमा हुने प्रवृति पनि कार्य र कारणको नियमले स्वभावतः हुने त्यही हो। तर त्यतिकै भइहाल्छ भनेर छाड्यौं भने हामी ढुंगेयुगमा बाँचिरहेका हुने छौं। यसमा चेतनाको उच्चतम बलात उपयोग हुनैपर्छ । मान्छेको स्वार्थलाई पेटभरीमात्र होइन घाँटीसम्मै आउनेगरी अबसरहरु प्रदान गरौं । त्यस अघाएका स्वार्थले समाजलाई अग्रगतिको निर्माण नै प्रदान गर्ने छ । नत्र विज्ञान र प्रविधिले खुम्चँदो विश्वमा नेपाली जाति प्रतिश्पर्धाबाटै नामेट हुने स्थितिमा पुग्न बेर लाग्ने छैन। उदाहरण छ सही मानेमा 'बहादुर' कहलाइदा कहलाइदै त्यो बहादुरीको प्रतिकात्मकता आज 'भरौटे' वा 'हीनजाति' भन्नेमा परिणत भइसकेको छ। यो अबगतिबाट हामीले पाठ सिक्नैपर्छ।

अब 'नयाँ नेपाल' को नारामात्र ले पक्कै पुग्दैन। 'नयाँ महान नेपाल'को नारासाथ पुनर्निर्माणको सुरुवात हुनुपर्छ। सामाजिक अभिमत नै नयाँ महान नेपालको पूर्वाधार हुने छ र बल हुने छ। एउटा व्यवस्था ढालिँदैमा हामीले सबै कुरा प्राप्त गरेका छैनौं। एउटा अनुपयोगी थोत्रो घर ढालेका छौँ भने त्यसको जगको इंटाढुंगा बाँडचुँडमा लाग्ने होइन अपितु नयाँ घरको निर्माणमा प्रवृत्त हुनुपर्छ । राष्ट्र निर्माणको जिम्मेवारी पक्कै ख्यालख्याल छैन त्यो यस अवस्थामा कि समस्त पूर्ववत स्थापनाहरुलाई पूरै अस्वीकार गरिएको छ । अनि युगौंयुगसम्म सदा प्रतिपक्षमा रही संघर्षरत रहँदा हामीमा निर्माणको लागि चाहिने सीप र अनुभव छैन । अब प्रतिपक्षीय बन्दूक, ढुंगा, मुढा र हडताल गरेर यो राष्ट्र संचालित हुनेवाला छैन । अभm यसको निर्माण नै नभएको अवस्थामा संचालनको कुरा कता हो कता परै छ । यसै अवस्थामा अनेकानेक स्वार्थहरुले दाउ मार्न खोजिरहेका हुन्छन्।

विस्थापित शक्तिहरुले भड्काउने, वीष हाल्ने, प्रत्याक्रमण गर्ने, अनेकन हुन सक्छ । अभm सबैलाई बोलीहाल्दा अपच लाग्ने कुरा यो पनि हुन सक्छ कि अगाडि आएका यस्ता अनियमिततालाई नियन्त्रण गर्दागर्दै सत्ता पनि दमनकारी हुन पुग्छ। सत्ताको अर्को नाम नै दमनसंयन्त्र हो। यसले जनमूखी धाराबाट विचलन हुनेवित्तिकै गलत जरा हाल्न लाग्छ र आफूसम्मत नहुने मूल्यहरुको मर्दन सुरु गर्छ । नियन्त्रण खराब होइन तर यसले जनमूखीहद नाघ्न लागेपछि निर ंकुश हुन लाग्दछ । यी सबै अवस्थाहरुमा जागरुक नागरिकहरुले खबरदारी गर्नपर्छ।

बुद्धीको खेति गर्ने देशका साहित्यकार पत्रकार कलाकार आदिको जिम्मेवारीको सन्दर्भमा भन्दछु पुनरुत्थानका प्रयत्नहरुलाई नाश गर्ने र सकारात्मक निर्माणहरुमा सहयोग पुर्‍याउने काममा सगाउँदै सत्ताको कृयाकलापलाई खबरदारी गर्ने सशक्त निर्माणमूखी प्रतिपक्षाको भूमिकामा तत्कालै आन्दोलित हुनुर्पछ।

०२६ सालमा आन्दोलित भएको 'अस्वीकृत जमात'को 'अस्वीकृत साहित्यिक अभियान' यस्तै अभिष्टमा आन्दोलित थियो। राजनीतिक दलहरु जब निरंकूशता विरुद्ध प्रयोग गर्नुपर्ने आफ्ना शक्तिलाई आफाआफैमा भिड्न खेर फाल्दैथे त्यसबेला विभिन्न राजनीतिक दलमा आस्था राख्ने विद्रोही क्रान्तिकारी साहित्यकारहरुले 'अस्वीकृत जमात'को 'अस्वीकृति'को संखघोष गर्दै संयुक्तमोर्चा कसी बौद्धिक संघर्ष शुरु गरेथे । त्यसबेला ती साहित्यकारहरुलाई अराष्ट्रियतत्व मानिनुको अपगालसाथ निरंकूश सत्ताको दमन त भेmल्न पर्‍यो नै सँगै आफ्नै राजनीतिक दलनजिकका पत्रपत्रिकाहरुले पनि अन्यशक्तिसंग हातेमालो गरेको अभियोग लाएर अराजक, असामाजिक, तत्व, ज्यानमारा, हिप्पी, भुस्याहा कुकुर, आदि अपशब्दले गाली गर्दै यीनलाई देशनिकाला र फाँसीको सजाय दिनुपर्छ भनेर दमनकारी सत्तालाई भडकाउने कामसम्म गरे । (हेर्नु मेरा अस्वीकृत मान्यताहरु, अभिव्यक्ति प्रकाशन) । त्यो 'अस्वीकृत लेखन'को विरासत विद्रोही सर्जकहरुमा बढ्दै गयो र त्यसैको उदाहरण भmांगिएर र ाजनीतिक दलहरुको घैँटोमा २० वर्षपछि ०४६ सालमा पुगेरमात्र घामलाग्न पुग्यो। फलस्वरुप देब्रे दाहिने सबै कित्ताका दलहरुले संयुक्तमोर्चा कसी संघर्षलाई एक हदमा सफल गराएरै छाडे । त्यही संयुक्त मोर्चाको पुनरावृत्तिले अखिरमा नेपाललाई आज सामन्तबादी जंन्जालबाट पूरा मुक्त गरेको छ। 'अस्वीकृत जमात'को त्यो संघर्षमय इतिहास किताबको पन्नामा साहित्यिक आन्दोलनको रुपमा मात्र थन्किदै आएको छ र अब हुने पनि त्यही हो । 'अस्वीकृतहरु'को नियति नै त्यही हो। कतै भगबण्डा वा लुच्छाचुडीमा उ सलग्न हुन्न। अपितु ऊ अग्रपरिष्कारको लडाइँमा प्रवृत्त भइहाल्छ।

यहाँसम्म आइपुग्दा राजनीतिक दलहरुको लँडाइ सकिएको छ । अब उनीहरु आफूलाई स्थापना गर्नमै व्यस्त छन् र हुनु पर्ने स्वाभाविक नियम पनि त्यही हो। समाजलाई गति दिन उनीहरु व्यवस्थित हुनै पर्छ र सबैले एकसाथ भ्mयाउँभ्mयाउँ गरेर देश निर्माण हुँदैन । एक दलले स्थान पाउनै पर्छ र त्यसको लागि भाले जुधाइ हुन्छ नै। त्यो राजनीति हो। यसलाई अन्यथा लिनैपर्दैन र त्यो तालमा हतोत्साहित हुनै पर्दैन।

कुरा हो साहित्यनीतिको । यसको कुरा अर्कै हुन्छ । यात समयसापेक्षताको नारामा त्यो सत्ताको भाटगीरी गर्छ र सत्ताको आँखामा नबिजाउने 'स्वीकृत जमात' बन्दछ या आफूसापेक्ष समयलाई डोर्‍याउछु भनेर समयको खबरदारी गर्छ र सत्ताको आँखामा बिभmाउने 'अस्वीकृत जमात' बन्दछ । त्यस्तो पहिलोखाले जमातको संघर्ष सिद्धिसकेको हुन्छ र त्यो स्तुतिगान गर्दै जीविकोपार्जनमै काल पर्खेर मर्दछ । तर अर्को खाले जमात हरेक क्रान्तिको सफलता पछि फेरि सकारात्मक परिष्कारको लागि प्रतिपक्षको भूमिकामा तत्काल प्रवृत्त हुन्छ। यो मरेर पनि संघर्षहरुमा जीवित रहिरहन्छ । 'अस्वीकृत जमात' भन्ने शव्द प्रतिपक्षीय भूमिकामा रहने शाश्वोत जमातको लागि एउटा नाम मात्र हो । नामसँग के छ ? एउटा विचार हो यो र अस्वीकृतिकै वरिपरी यो वैचारिक भएकोले यसको बिचारलाई 'अस्वीकृत विचार' भनियो अनि यो विचार बोक्ने जमातलाई 'अस्वीकृत जमात'।

सामान्यमै बुभmौं ( हामी जब बोल्छौं हाम्रा मुखमा ताला लाग्न सुरु हुनेछ त्यसकारण हामी 'अस्वीकृत जमात' । हामी मुखमा ताला लगाउने संस्कृतिलाई नै उल्टै अस्वीकार गर्छौं त्यसकारणले पनि हामी 'अस्वीकृत जमात'। सबै सकारात्मक परिवर्तनको लागि सत्तासुख र सबैसबै प्रलोभनहरुलाई अस्वीकार गर्दै थप निमार्णको लागि अग्रगामी हुन्छौं त्यसैले हामी 'अस्वीकृत जमात'।

कीर्तिपुरको चित्रण

काठमाण्डौ जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक २६ (संयुक्तांक २८०) ने. सं. ११३७ पोहेलागा त्रयोदशी बुधवा: २०७३ माघ १२ गते बुधवार (Jan 25, 2017) मूल्य रु.१०/- पृष्ठ १६

# लुकाइएको शहिदको पहिचान कहिले पाउने हो ?

मुलुकमा अहिले पहिचानको मुद्दा जबरजस्त ढंगवाट आइरहेको अवस्था छ। प्रमुख दलका प्रमुख नेताहरुले पहिचानको मुद्दा अस्वीकार गर्दै भौगोलिक आधारमा मात्रै ७ वटा प्रदेश सहितको संविधान जारी गरेका कारण संविधानलाई कार्यान्वयन भइसकेको छ भन्न सकिरहेको छैन। नेपालका आदिवासी जनजाति, मधेसीदेखि उत्पीडित समुदायले पहिचानको माग गर्दै आएको र संविधानले खस आर्यको मात्र पहिचान गरेको साथै प्रदेश निर्माणमा समेत पहिचानको मुद्दालाई बेवास्ता गरेका कारण अहिले सम्म पनि संविधान कार्यान्वयन हुन सकिरहेको छैन ।

प्रमुख दलका नेताहरुले नचाहँदा नचाहँदै मुलुक पहिचानको मुद्दालाई टुंगो नलगाए सम्म संविधान कार्यान्वयन गर्न नसकिने अवस्थामा पुगेको छ। संविधान जारी गर्दा पहिचानको मुद्दालाई अस्वीकार गरेको र अहिले आएर फेरी गाउँपालिका, नगरपालिका, विशेष क्षेत्र, स्वायत्त क्षेत्र र संरक्षित क्षेत्रको सीमा तथा संख्या निर्धारण गर्न गठन गरेको आयोगले समेत पहिचानसंग जोडिएको स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रलाई बेवास्ता गर्दै आफ्नो प्रतिवेदन तयार गरेका कारण आदिवासी जनजाति, मधेसी लगायत उत्पीडित समुदायले सो प्रतिवेदनलाई समेत अस्वीकार गर्ने घोषणा गरिसकेको अवस्था छ । आन्दोलनरत संघीय गठबन्धनले त यथास्थितिमा कुनै पनि हालतमा चुनाव हुन नदिने घोषणा गरेका कारण संविधान कार्यान्वयनको सवालमा जटिल बन्दै गएको छ।

प्रत्येक बर्ष माग १० गतेदेखि सहिद सप्ताह मनाउने गरिन्छ । शहिद सप्ताह राज्यले मनाउदै आएको अवस्थामा नेपालका आदिवासी जनजातिहरुले भने पहिचानको मुद्दा पनि जोड्दै अघि बढेका छन् ।

पछिल्लो समयमा मात्रै हैन विगतदेखि नै नेपालमा पहिचानको सवालमा शासकवर्गले उत्पीडित समुदायलाई पेल्दै आएको र उनीहरुको पहिचान लुकाउदै आएको उदाहरण हो शहिदगेट । राजधानीको शहिदगेटमा राखिएका चार




शहिदहरुको पहिचान समेत लुकाइ राखेको अवस्था छ। राणा शासनको अन्त्यको लागि जीवन अर्पण गर्ने महान शहिदहरु शुक्रराज शास्त्री जोशी, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठको पहिचान लुकाई शुक्रराज शास्त्री, धर्म भक्त, दशरथ चन्द र गंगालाल मात्र भनिएको छ ।

शहिदहरुको पहिचान समेत लुकाइएको अवस्थालाई ध्यानमा राखी नेपालका आदिवासी जनजाति र नेवा: समुदायले आदिवासी जनजातिको पहिचान लुकाउन नपाउने भनी अभियान समेत संचालन गरेको छ।

आदिवासी जनजातिहरुले सहिदहरुको सालिकमा पहिचान स्पष्ट हुने गरि उल्लेख गर्नुपर्ने माग गर्दै आएको छ। राणा शासन अन्त्य भएको करिव ७० बर्ष पुग्न लाग्दा सम्म पनि शहिदगेटमा शहिदहरुको पहिचान लुकाउदै राखेका कारण आदिवासी जनजातिहरुले पहिलादेखि नै उत्पीडित समुदायको पहिचान लुकाउदै आएको कुरा उल्लेख गर्दै अहिलेको अवस्थामा पहिचानको मुद्दालाई अझ बढि सशक्त रुपमा उठाउन तयार रहेको एक जनजाति नेताले बताएका छन् । शहिदहरुको पहिचान लुकाउन नपाउने अभियान सहित शहिद दिवस आदिवासी जनजातिहरुले मनाउन थालेका छन् ।











कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रबन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# चुनाव र सहमति

**प्रमुख राजनीतिक दलहरु र आन्दोलनरत संघीय गठबन्धनका नेताहरुबीच दिनदिनै रुपमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा चुनावको सवालमा वार्ता भइरहेको छ । चुनाव गर्ने सवालमा कुनै पनि राजनीतिक दलको विमति छैन तर चुनाव गर्नु अघि के के गर्नुपर्ने भन्ने विषयमा भने फरक फरक मत रहेका छन् ।**

**सरकारको नेतृत्व गर्दै आएको माओवादी केन्द्र र सत्ता साझेदारी दल कांग्रेस संविधान संशोधन र चुनाव संगसंगै गर्नुपर्ने पक्षमा रहेको छ । त्यसै गरि प्रमुख प्रतिपक्ष एमाले भने यथास्थितिमा नै चुनाव गर्नुपर्ने माग राख्दै आएको छ । एमालेका नेताहरुले संविधान संशोधनलाई अस्वीकार गर्दै आएका छन् । उता आदिवासी जनजाति, मधेसी र उत्पीडित समुदायको माग सम्वोधन गर्न संविधान संशोधनलाई परिमार्जन गरि संसदवाट पारित गरेपछि मात्र चुनाव गर्नुपर्ने अडान राख्दै आएका छन् । चुनावको सवालमा यी तीनवटा धार रहेको नेपालको राजनीतिमा चुनावको विषय दिनदिनै उठ्ने तर निकास ठोस रुपमा तत्काल सहमति गरि अघि बढ्ने अवस्था देखिदैन ।**

**२०७४ सालाको माघ महिना सम्ममा चुनाव गनुपर्ने बाध्यकारी कुरा संविधानमा उल्लेख भएका कारण अव नेपालका प्रमुख राजनीतिक दलहरु विगतमा जस्तै अन्तिम समय अर्थात अव करिव १ बर्ष सम्म पनि यसरी नै चुनाव, संविधान संशोधन र संविधानको कार्यान्वयन भन्न नछाड्ने तर काम नगर्ने अवस्थामा हुने साथै अन्तिम समयमा मात्रै टुंगोमा पुग्ने सोचलाई परित्याग गरि अहिले नै सबैलाई स्वीकार हुनेगरि संविधान संशोधन गरि अघि बढ्नुपर्ने कुरालाई नेताहरुले ध्यान दिनुपर्ने देखिन्छ ।**



**एक बर्ष अघिको तस्विरः नेवाः प्रदेशमा आदिवासी जनजाति जागरण अभियानको आयोजनामा गत बर्ष माघ १६ गते राजधानीको शहिदगेटमा शहिदको पहिचान लुकाउन नपाउने भन्दै माग राख्दै शहिद दिवस मनाएको थियो । शहिदहरु शुक्रराज शास्त्री जोशी, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठको पहिचान लुकाई शुक्रराज शास्त्री, धर्म भक्त, दशरथ चन्द र गंगालाल मात्र भनिएको अवस्थामा सहिदहरुको पहिचान लुकाउन नपाउने माग गर्दै सो प्रदर्शन गरेको थियो ।**

# मेरो भाषा नेपाली हो, नेपाली होइन



**रोशन श्रेष्ठ**

शब्द ठ्याम्मै सम्झना त भएन, तर भावार्थ सम्झना भएनुसार एकपल्ट भाजु सिके लालले लेखेका थिए 'यो नेपाल र नेपाली भाषा भनेको नै बिदेशीले बनाइदिएको हो ।' एकजना मधेशीया भाजुले यस्तो कुरा लेखेपछि म लगायत हामी जस्ता पहाडियाहरुको दिमाग तात्नु त स्वभाविकै हो । धेरैले भाजु सिकेलालमाथि आ-आफ्नो औकातअनुसार रीस पोखेर दिमाग ठण्डा पारे ।

नेपाल देशको अक्षुण्णता र अखण्डता हामी नेपालीलाई अति प्यारो हुनु स्वभाविकै हो । तर नेपालको एउटा भाषालाई मात्र नेपाली भनेर किन पढाइयो भन्ने असन्तुष्टी बाल्यकाल देखि नै रहिरह्यो । नेपालभित्रकै १०० भन्दा बढी भाषाहरु माथि दमन अन्त्य हुनुपर्ने भावना बाल्यकालदेखि नै रह्यो, शायद भाजु सिकेलालले बिभेदहरुमाथि कलम चलाउनु भन्दा पनि अगाडि देखि नै ।

भारतीय बिक्रम सम्वत २०५१-२०५२ ताका देखि भन्दै आएको छु -

"खसभाषालाइ मात्रै एकलौटी 'नेपाली' भाषा बनाउनु गलत हो । नेपालको सबै भाषा नेपाली हुनु पर्छ ।"

हो यहि बिचारमा तर्क वितर्क गरी मलाई पराजित गर्न नसक्ने कतिपय मानिसहरु मसित भित्रभित्रै रिसाएका छन, टेढिएका छन् । तिनीहरुलाइ "भारतीय" बिक्रम सम्वत भनेको पनि मन पर्दैन । भारत पनि मन पर्दैन । फेरी तिनीहरु नै यो बिक्रम सम्वत भारतको होइन भन्न पनि सक्दैनन ।

नेपाललाइ जतिसुकै माया गर्छु भनेर कस्सम खाएतापनि नेपालको आफ्नै मौलिक नेपाल सम्वत अँगाल्न पनि तिनिहरु पटक्कै चाहँदैनन । तिनका यस्ता खालका असंगत र द्वैध बिचार हरु अथाह छन्। त्यस्ता असँगत सोच बोकेका तोरीलाउरेहरु नै हुन रिसले मुर्मुरिएर टेढिनेहरु ।

भाजु बिजु कर्माचार्य ले एक पुस्तक फेला पार्नु भएछ, शायद ८० देखि १५० वर्ष पुरानो हो कि भन्ने मेरो अनुमान छ । त्यो पुस्तकमा उखान तुक्का संकलन गरीएको रहेछ, दुईवटा कोलम छुट्टाछुट्टै छ, एक कोलममा खस-भाषामा लेखिएको छ, अर्को कोलममा नेपालभाषामा लेखिएको छ ।

रमाइलो के देखें भने, नेपालभाषामा लेखिएको कोलमको माथिपट्टी 'नेपाली' लेखिएको रहेछ । अर्थात, त्यो किताब लेखिएको समयमा 'नेपाली' भनेको त नेपालभाषा नै रहेछ । हुन पनि केहि दशक अघि सम्म पनि 'नेपाल जाने' भनेको अर्थ नेवारहरुको आदिभुमि जाने भन्ने अर्थ नै लाग्थ्यो । त्यो नेपालको संस्मरण बताउने हजारौं जिवित प्रमाणहरु अझै ज्युँदै छन । त्यसर्थ नेवारले बोल्ने नेपालभाषालाइ 'नेपाली' लेखिएको हुनसक्छ भनेर अन्दाज वा बिश्लेषण गर्न खासै गाहारो कुरो भएन ।

थप प्रमाणहरुले भन्दछ कि नेपाल खाल्डो केन्द्रित भएर बिकास भएका वा स्थापित भएका जिनिसहरुलाइ 'नेपाली' भनिदो रहेछ । जस्तो कि भारतिय बिक्रम सम्वत १९८९ मा छापिएको गोरखापत्रमा लेखिएको छ "नेपाली हुलाकबाट जाने गोरखा राज्य भर लाइ मो रु २ ।" यो हुलाक कार्यालय नेपाल खाल्डोमा थियो । त्यसकारण 'नेपाली' भनियो ।

त्यस्तै गरी नेपाल खाल्डोमा प्रशोधन गरीने, बनाइने मौलिक गुणस्तरको कागजलाइ 'नेपाली कागज' भनिन्छ । नेपाल खाल्डोमा बिकास गरेको मौलिक चित्रकलालाइ नेपाली चित्रकला भनिन्छ । नेपाल खाल्डोमा बिकास गरेको मौलिक काष्ठकलालाइ नेपाली काष्ठकला भनिन्छ । नेपाल खाल्डोमा बिकास गरेको मौलिक प्रस्तर कलालाइ नेपाली प्रस्तरकला भनिन्छ । नेपाल खाल्डोमा बिकास गरेको मौलिक धातुकलालाइ नेपाली धातुकला भनिन्छ । नेपाली मठ मन्दिर भनिने संरचनाहरु पनि नेपाल खाल्डोमा नै मौलिकता जोडिएको संरचनाहरु हुन । हाम्रो समाजमा नेपाली भनी स्थापित जे जति कुराहरु छन्, ती नेपाल खाल्डोको सेरोफेरोसितै सम्बन्धित छन् ।

अर्को तर्फ खुकुरीलाइ 'नेपाली खुकुरी' भनिदैनथ्यो । केहि समययता भन्न थालिएतापनि पहिला 'नेपाली खुकुरी' भनिदैन थ्यो, 'भोजपुरी खुकुरी' भनिन्थ्यो । ठाउँसित जोडिएका शब्दहरु जस्तो कि 'गोर्खे लौरी', 'पाल्पाली ढाकाटोपि' आदि शब्दहरुले ती जिनिसहरुको मौलिकता कुन भुगोलसित सम्बन्धित छ भन्ने ऐतिहासिक जानकारी बोकेर बसेको छ । 'गोर्खाली खुकुरी' शब्द पनि नेपालबाट यूवाहरु बृटिस सेनामा भर्ति भइसकेपछि मात्र प्रचलनमा आएको शब्द हो ।

यसरी शब्दबनौट र ऐतिहासिकता विश्लेषण गरी हेर्दा नेपाल खाल्डोमा मौलिकताको नाता जोडिएको भाषा स्वतः नेपाली भाषा नामाकरण हुनु पर्ने हो । नेवार समाजले बोल्ने नेपालभाषा नै नेपाल खाल्डोमा उत्पति, बिकास र हालसम्म प्रचलनमा रहेको एकमात्र मौलिक भाषा भएकोमा सबै बिद्वान र अन्वेषकहरु सहमत छन्, एकमत छन । त्यसो भएको हुनाले माथि उल्लेखित किताबमा फेला परेको "नेपाली" शब्द र त्यससमुन्तिरका कोलम नेपालभाषामा लेखिनु बिलकुल स्पष्ट बुझिने कुरा भयो । तर्कपूर्ण देखियो । शंका गर्ने परेन ।

अनि त्यसो भए खसभाषा वा पर्वते भाषा भनिने गण्डक देखि कर्णाली नदि वरपरको पहाडि इलाकाको भाषा 'नेपाली' भन्न मिल्ने होइन रहेछ । नेपाल खाल्डोको नेपालभाषालाई जनाइने 'नेपाली' शब्द उछिट्याएर खसभाषाको नामाकरण 'नेपाली' कसरी गरियो, कसले गरे, कहिले गरे? यो कुरा खोजको विषय भएको छ ।

भाजु बिजयकृष्ण श्रेष्ठले दिनुभएको जानकारी अनुसार खस भाषालाई नेपाली देख्ने र लेख्नेहरु वास्तवमा बिदेशीहरु नै हुन् । जंगबहादुर राणाको पालामा खसभाषामा अनुवाद गरीएको बाइबललाइ 'नेपाली भाषाको बाइबल' भनिने गरेको कुरा बालकृष्ण पोखरेलले राष्ट्भाषा भन्ने पुस्तकमा उल्लेख गरेका छन् ।

शाह शासक, राणा शासक हरु आफै त्यो भाषालाइ आधिकारीक रुपमा नै 'गोर्षा भाषा' उल्लेख गरेका बग्रेल्ति प्रमाणहरु छन । तर बिदेशीहरुको नजरमा नेपाल खाल्डोको दरवारीयाले बोल्ने भाषा भएको हुनाले त्यो भाषा 'नेपाली' देखेको वा बुझेको अनुमान लगाउन सकिन्छ ।

**तामाङ, गुरुङ, मगर, राइ, लिम्बु, चेपाङ, थारु, मैथिलि, भोजपुरि आदि सबै भाषाहरु सोध्न थालीसके कि मेरो भाषा पनि नेपाली भाषा हो कि होइन? हो भने अन्य नेपाली भाषाले पाए सरहको सुविधा सहयोग र प्रोत्साहन राज्यले मेरो भाषालाइ पनि दिने कि नदिने ?**

यसरी सिके लालले दाबि गरेको "यो नेपाली भाषा भनिने भाषा नै बिदेशीले बनाइदिएको हो" दाबि गलत भन्न मिल्ने अवस्था होइन रहेछ ।

नेपालका शासकहरु देशलाई गोरखा राज्य भनेता पनि, भाषालाइ गोर्खा भाषा भनेतापनि बिदेशीले आधिकारीक दस्तावेजमा 'नेपाल' र 'नेपाली' शब्द नै प्रयोग गरेको गरेइ गर्दा रहेछन । नेपाल शब्द मन पराएर 'यो मन त मेरो नेपाली हो' भन्दै गीत गाउने पुस्ताहरु जो छन, तिनीहरुको निमित्त यो 'नेपाली' शब्द बिदेशीले यसरी प्रचलित गरिदिएको हो, बिदेशीले त्यति नगरीदिएका भए आज 'यो मन त मेरो गोर्खाली हो' भन्दै गीत गाउने थिए भन्दा अत्यूक्ति नहोला ।

इतिहासका यी सत्य तथ्यहरु मनन गरेर अब नेपाली शब्दको यथोचित प्रयोग गर्नु जरूरी भइसकेको छ । 'नेपाल' अब पहिला झैं काठमाण्डौ उपत्यका समेट्ने खाल्डोमा सिमित रहेन । पूर्व मेचि देखि पश्चिम महाकालीसम्म हामी नेपालको अखण्डतालाई सम्मान गर्दछौं भने यो सिमानाभित्र मौलिक अस्तित्व रहेका सबै भाषा भाषिकाहरुलाई नेपाली भन्नु पर्दछ ।

अब गोर्खा भाषा वा खसभाषा मात्र एकलौटी नेपाली हुन सक्दैन । तामाङ, गुरुङ, मगर, राइ, लिम्बु, चेपाङ, थारु, मैथिलि, भोजपुरि आदि सबै भाषाहरु सोध्न थालीसके कि मेरो भाषा पनि नेपाली भाषा हो कि होइन? हो भने अन्य नेपाली भाषाले पाए सरहको सुविधा सहयोग र प्रोत्साहन राज्यले मेरो भाषालाइ पनि दिने कि नदिने? यदि नदिने हो भने मेरो भाषा नेपाली होइन भन्नुपर्‍यो । मेरो भाषा नेपाली होइन भने म कसरी नेपाली हुन सक्छु र ? - यस्ता संगीन प्रश्नहरुको ओइरो राज्यसत्ताका ठेकेदार र तिनका मतियारहरुमाथि तेर्सिने समय आएको छ ।

# शहीद स्मारक कलेजको वार्षिकोत्सब



कीर्तिपुरको पहिलो सामुदायीक कलेज शहीद स्मारक कलेजको २६ औं वार्षिकोत्सब यही माघ १६ गते मनाउँदै छ । सोही वार्षिकोत्सबको अवसर पारेर यही माघ १५ गते शनिवार कलेज पाङ्गमा विहान १० बजेदेखि २ बजेसम्म रक्तदान कार्यक्रमको आयोजना गरिएको छ । माघ १६ गते शहीद दिवसको अवसरमा त्रि.वि. अडिटोरियम हलमा विहान १० बजेदेखि २६औं वार्षिक उत्सव मनाउन गैरहेको छ।

शहीद स्मारक कलेजमा प्लस टु मा व्यवस्थापन र मानविकी अध्यापन भैरहेको छ भने बीबीएस, बीए/बीएसडब्लुको पढाई भैरहेको छ।

# रेडक्रस सोसाइटी कीर्तिपुरको उपशाखा सभा हुने

नेपाल रेडक्रस सोसाइटी कीर्तिपुर उपशाखा सभा आगामी माघ १५ गते शनिवार विहान ८ बजे कृष्ण क्याटरिंग हल नयाँबजारमा हुने भएको छ।

उक्त सभामा साधारण सदस्य, आजीवन सदस्य, लगायत सम्पूर्ण रेडक्रस प्रेमीहरुमा उपस्थित हुनको लागि सभापति राजेन्द्र बानियाले अनुरोध गर्नु भएको छ।


## खरायो पालनको लागि आव्हान

खरायोपालन सम्बन्धी कृषि व्यवसायमा न्यूनतम रु.५०,०००/- लगानी गर्न इच्छुक महानुभावहरुले तपसिलको मोबाइल नम्बरमा आफ्नो नाम, ठेगाना र मोबाईल नम्बर सहित यहि २०७३ माघ मसान्तभित्र मेसेस (Message) पठाउनु हुन अनुरोध छ । छनोटमा परेकाहरुलाई पछि जानकारी दिइने छ।

**सम्पर्क मोबाईल नं : ९८४९४२२०५५ वा ९८४३९३४८२५**


# बाँसुरीबादक रमन महर्जन मा:क्वा:चा गार्डेनद्वारा सम्मानीत

**-ललेन्द्र शाक्य-**





इन्द्रेणी सांस्कृतिक समाज (इसास) बाट सांगितिक यात्रा सुरु गर्नु भएका कीर्तिपुरको नगाउँ निवासी बाँसुरीबादक रमन महर्जनलाई गत माघ ८ गते शनिवारका दिन द्य:ध्वाखास्थित मा:क्वा:चा गार्डेनले सम्मान गरिएको छ। बाँसुरीबादक महर्जनले २० वर्ष अघिदेखि बाँसुरीबादनबाट संगीत क्षेत्रमा गर्नु भएको योगदानको कदर गर्दै मा:क्वा:चा गार्डेनले सम्मान गर्नु भएको हो।

आजकल आनी छोइङ डोल्मा एण्ड ब्याण्डमा आबद्ध भएर सांगितिक कार्यक्रम गर्दै आइर हनु भएका बाँसुरी मेस्ट्रो रमन महर्जनले आफ्नै घरमा आफै फाउण्डर भएर म्यूजिक हाउस खोलेर क्रियाशील रहनु भएको छ । कीर्तिपुरको वडा नं १६ नगाउँ निवासी महर्जन आजकल पांगाको जाखामा बस्नुहुन्छ । उहाँले जाखाको आफ्नै घरमा म्यूजिक हाउस खोल्नु भएको छ । बाँसुरीवादक रमन महर्जनका अनुसार उहाँको म्यूजिक हाउसको उद्देश्य भनेको नेपाली संगीत क्षेत्रको विकास र उत्थानको लागि र लोकल म्यूजिक प्रमोटको लागि खोलेको हो। उहाँले त्रिकाल फ्यूजन ब्याण्ड, रुद्र ब्याण्ड, बज्र क्लासिक ब्याण्डमा आवद्ध भएर देश विदेशमा सांगीतिक प्रस्तुती दिइसक्नु भएको छ । उहाँले डिएभी स्कुल, शिवतारा स्कूल, सेन्ट मेरिज स्कुल, पाँगा मा.वि.मा संगीत शिक्षक भएर पनि काम गरिसक्नु भएको छ । उहाँले फ्यूजन म्यूजिक एल्बमहरु साउण्ड अफ साइलेन्स, तिब्बेतन वीन, निर्भाना म्यूजिक, त्रिकाल, कोशेली, क्रियशन इत्यादी निकालीसक्नु भएको छ। त्यस्तै रमन महर्जनले दुईपटक कलानिधि गोल्ड मेडल जितिसक्नु भएको छ भने नारायणी संगीत अवार्ड लगायत थुप्रै उपाधी प्राप्त गरीसक्नु भएको छ । रमन महर्जनले सांगितिक यात्राको सिलसिलामा अमेरिका, अष्ट्रेलिया, स्वीजरल्याण्ड, जर्मनी, स्पेन, नर्वे, जापान, अष्ट्रिया, चाइना, सिंगापुर, ताइवान, मलेसिया र तिब्बत पुगीसक्नु भएको छ । मा:क्वा:चा गार्डेन स्थापना भएको चार महिना भन्दा बढी भइसकेको छ । स्थापनाकालदेखिनै प्रत्येक शनिवार सांगितिक कन्सर्ट र विशिष्ट व्यक्तित्वहरुलाई सम्मान गरिँदै आइरहेको छ। गत शनिवार बाँसुरी मेस्ट्रो रमन महर्जनलाई गार्डेनका संस्थापक सदस्य विष्णुभक्त महर्जनले खादा ओढाई सम्मान पत्रद्वारा सम्मानीत गर्नु भएको थियो । शनिवार भएको उक्त कार्यक्रममा "स्तम्भ ब्याण्ड"को कन्सर्ट पनि भएको थियो। उक्त कार्यक्रमको साउण्ड पार्टनर बज्राचार्य साउण्ड एण्ड स्टेज लाईट सिष्टम रहेको छ।


## भर्ना खुल्यो ! भर्ना खुल्यो !!

यस हिलटाउन स्कूलमा नयाँ शैक्षिक सत्र २०७४ को लागि प्ले-ग्रुप (नर्सरी तयारी कक्षा) मा नयाँ भर्ना खुल्यो ।

H T H S S
HILL-TOWN HIGHER SECONDARY SCHOOL 1993
KIRTIPUR

**तुरुन्त सम्पर्क गर्नुहोस् ।**

**फोन नं.: ४३३१७३९, ४३३१४०७**






**Mt.Marigold School**
**Announces**

**New Admission For PLAY GROUP**



**Mt.Marigold School**
Kirtipur-9,Townplanning
Ph.no.4336544,9803892419
E-mail: mtmarigolds@gmail.com

TREE MEDIA PVT. LTD.

# ट्रि मेडिया प्रा. लि.

कीर्तिपुर, काठमाडौं
फोन नं.: ०१-४३३४४७४, ९८५१२१०४६३, ९८५१०९११२४

## सम्पूर्ण काम एउटै रूखमुनि




treemedianp@gmail.com Treemediapvtltd

# कीर्तिपुर नगरपालिकाले आ.व. २०७४/७५ को वार्षिक योजनाबाट

कीर्तिपुर नगरपालिकाले जेष्ठ नागरिक, दलित, आदिवासी, जनजाति लक्षित कार्यक्रममा कति कति बजेट छुट्याईएको छ सो को जानकारी पाउनु सबैको अधिकार भएकोले जानकारीको लागि यहाँ प्रस्तुत गरिएको छ ।

१ नं. वडामा सांगितीक सामाग्र खरिद रु.३ लाख
२ नं.वडामा इन्द्रायणी प्रा.वि.को डेकेयरको लागि किचन निर्माण रु.३ लाख
३ नं. वडामा भरियाँपुखुस्थित पाटी निर्माण गर्ने रु.३ लाख
४ नं.वडामा जेष्ठ नागरिक दिवा सेवा संचालनका लागि आवश्यक सामाग्री खरीद रु.३ लाख
५. नं वडा बृद्धा बृद्धाहरुलाई सम्मान तथा अवलोकन रु. ३ लाख
६. नं वडा जेष्ठ नागरिक क्लब संचालन रु. ३ लाख
७.नं.वडा गाम्चा चौरमा चौतारा तथा विश्रामस्थल निर्माण रु. ३ लाख
८.नं.वडा ठूलो पंधेरो रानीवनको ढिकुरे पाटी मर्मत संभार गर्ने रु. ३ लाख
९.नं वडा श्रोत केन्द्रद्वारा भ्रमण र स्वास्थ्य शिविर संचालन रु. ३ लाख
१०.नं.वडा स्वास्थ्य शिविर तथा भ्रमण रु. ३ लाख
११.नं वडा जेष्ठ नागरिक क्लबका बृद्धहरुको स्वास्थ्य परिक्षण तथा विभिन्न स्थानमा बृद्धहरुका लागि बेञ्च निर्माण रु. ३ लाख
१२.नं.वडा जेष्ठ नागरिक सेवा केन्द्रका लागि भवन निर्माण रु. ३ लाख
१३ नं.वडा मनोरञ्जन तथा भजन किर्तन तथा सम्मान कार्यक्रम रु. क३ लाख
१४ नं वडा जेष्ठ नागरिक सामुदायिक सेवा भवन रु. ३ लाख
१५.नं वडा वाध्यवादनका सामाग्री, टेलिभिजन, पूर्ण अपाङ्गहरुका लागि ह्वीलचियर खरीद तथा स्वास्थ्य सेवा र औषधी उपचार गर्ने रु. ३ लाख
१६ नं वडा जेष्ठ नागरिक दिवा सेवा संचालन रु. ३ लाख
१७ नं वडा बृद्धबृद्धाहरुलाई दैनिक सेवा संचालनका लागि आवश्यक सामाग्री खरीद र स्वास्थ्य शिविर संचालन रु. ३ लाख
१८.नं वडा वडा कार्यालय माथि रहेको बृद्ध क्लबको लागि कार्पेट हिटर लगायत अन्य आवश्यक सामाग्री खरीद र सवारी भाडामा ५०% छुटको लागि कार्ड बनाउने रु. ३ लाख
१९. नं.वडा भजन किर्तनको लागि आवश्यक सामाग्री खरीद रु. ३ लाख

यी हुन प्रत्येक वडालाई समान रुपले वितरण गरिएको योजनाहरु । यो वाहेक अन्य शिर्षकहरुमा पनि बजेट विनियोजनग गरिएको छ । जुन यस प्रकारका छन ।

१.अंध अपाङ्गहरुलाई सिप/आया आर्जन मुलक तालिम रु.१,५०,०००/
२.सुस्त श्रवण व्यक्तिहरुको पहिचान, तथ्याङ्कसंकलन लगायत कार्यक्रम रु.१०००००/
३.भिन्न क्षमता भएका व्यक्तिहरुको परिचय पत्रमा सहजिकरण कार्यक्रम रु.१०००००/
४.जेष्ठ नागरिक क्लब संचलानार्थ कार्यक्रमका आधारमा सहयोग रु.३,०००००/
५. एकल महिला सिप विकास/कानुनी परामर्श कार्यक्रम रु.१५०,०००/
६.सिम विष्ट गाउँमा बेण्ड बाजा प्रवर्द्धन रु.२०००००/
७. कृषि तालिम रु. ३०००००/
८.शंखधर स्मृती भवन वडा नं.४ को फिनिसिङ्ग रु. ६,१०,०००/
९.बाघभैरवस्थान परोपकार भवन पुन:निर्माण रु. ६,०००००/
१०.सम्पदा स्थलहरुको संरक्षण/ संवर्धन/मर्मत संभार रु. २४०,०००/
११.नगर क्षेत्रमा मेट्रिक प्रणाली कार्यान्वयन गर्ने रु. ८०००००/
१२.न.पा.का कर्मचारीहरुलाई सा.सु.भत्ता सम्बन्धी तालिम रु. ३०००००/

# हिलटाउन स्कूलमा रक्तदान कार्यक्रम सम्पन्न



गत माघ ८ गते शनिबार का दिन हिलटाउन स्कूलको सहकार्यमा विद्यालयका २०६३ एस.एल.सी.व्याचका विद्यार्थीहरूद्धारा आफ्नो विद्यालय जीवन समापनको एक दशक पूरा भएको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरियो ।

विद्यालयका शिक्षक/शिक्षिकाहरू, कर्मचारीहरू, अभिभावकहरू, भूपू विद्यार्थीहरू तथा सर्वसाधारण व्यक्तित्वहरूले सक्रिय सहभागिता जनाउनु भएको उक्त रक्तदान कार्यक्रममा जम्मा ६२ जनाले रक्तदान गरि जिवनदान गर्नुभयो । हिलटाउनका भूपू विद्यार्थी रुवी बज्राचार्यको संयोजकत्वमा विद्यालय परिसरमा सम्पन्न भएको उक्त कार्यक्रमको समापनका क्रममा रक्तदाताहरू तथा अन्य सहयोगीहरूलाई प्रमाणपत्रसहित धन्यवाद ज्ञापन गर्नुभयो । साथै भविष्यमा पनि विविध समाजसेवाका क्रियाकलाप संचालन गर्दै जाने जानकारी दिनुभयो ।


# हार्दिक बधाई



यस पत्रिकाका सहयोगी एवं शुभचिन्तक **श्री योगेन्द्र दर्शनधारी** निर्मल बुद्धभूमि बचत तथा ऋण सहकारी संस्था लि.को छैठौं साधारण सभाबाट सर्वसहमतिमा अध्यक्ष निर्वाचित हुनु भएकोमा हार्दिक बधाईको साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

**कीर्तिपुर सन्देश साप्तहिक, परिवार**

# एसएसपी रमेश खरेल संयुक्त राष्ट्र संघको उच्च पदमा नियुक्त



नेपाल प्रहरीका 'हिरो' चर्चित एसएसपी रमेश खरेल संयुक्त राष्ट्र संघको उच्च पदमा नियुक्त भएका छन्। संयुक्त राष्ट्र संघको शान्ति मिसनअन्तर्गत उनी अफ्रिकी मुलुक सुडानको डार्फरमा प्रोफेसनल(पी-४) तहमा नियुक्त भएका हुन्। ग्लोबल भ्याकेन्सीमा प्रतिस्पर्धा गरी उनले उक्त अवसर पाएका हुन्। शान्ति मिसनमा पी-४ उच्च तहको पद हो। जसमा नेपाल प्रहरीका थोरै अधिकारी मात्र सफल भएका छन्। अर्का एसएसपी पुष्कर कार्की पनि हाल सोही पदमा अर्को अफ्रिकी मुलुक लाइबेरियामा कार्यरत छन्। राष्ट्रसंघमा पी-४ तहमा काम गर्ने अधिकारीको तलब करिब २० लाख रुपैयाँ हुन्छ। खरेल १ वर्षका लागि उक्त पदमा नियुक्त भएका हुन्। शान्ति मिसनमा खटिनुअघि एसएसपी खरेलले एक अनलाइनमा दिएको अर्न्तवार्तामा आफु नेपाल प्रहरीको आईजीपी बनेर छाड्ने बताएका छन्। करिब तीन वर्षपछि खरेलकै ब्याचीमध्येबाट एक आईजीपी हुनेछन्। जसमा एसएसपी सर्वेन्द्र खनाल, एसएसपी पुष्कर कार्की, एसएसपी राजेन्द्रमान श्रेष्ठ समेत प्रतिस्पर्धी छन्।


## आवश्यकता

पद्मिनि ज्वेलर्सको लागि निम्नलिखित पदहरुको आवश्यकता भएको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

| पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|
| १. लेखा अधिकृत | १ | मास्टर डिग्री पास/ अध्ययनरत |
| २. सेल्स अफिसर | २ | बी.बी.एस पास |

अनुभवीलाई विशेष ग्राह्यता दिइने छ।

दरखास्त दिने अन्तिम मिति : २०७३ साल माघ २० गते

सम्पर्क नं. ०१४३३१०४६

पद्मिनि ज्वेलर्स

त:ग:वपि, कीर्तिपुर –१७


# कीर्तिपुर एम्बुलेन्स सेवाको नयाँ एम्बुलेन्स किन्न सहयोग गर्नुहुनेहरु



नयाँबजार क्लबको नयाँ एम्बुलेन्स किन्न सहयोग गर्नुहुने महानुभावहरु रु. ५० हजारसम्म सहयोग गर्नेहरुको नामावली र रकम अगिल्लो अंकमा प्रकाशित गरिसकेका छौं । यहाँ ५० हजारभन्दा कम रु.२० हजारसम्म सहयोग गर्नुहुने महानुभावहरुको नामावली प्रकाशित गरिएको छ।

१.नयाँबजार बचत तथा ऋण सहकारी संस्था लि. नयाँबजार, कीर्तिपुर –रु.४७,६००/

२.धनेश्वरी बोयजु (बुबा स्व.आशाकाजी बोयजुको सम्भनामा) भाजंगल, कीर्तिपुर हाल इजरायल– रु.४०,०००/

३.नारायण र हरिनारायण महर्जन (स्व.बुबा राम महर्जन र स्व.आमा चीरीमाया महर्जनको सम्भनामा) नयाबजार, कीर्तिपुर– रु.३५,०००/

४.रन्जन बुढाथोकी चारघरे, कीर्तिपुर हाल अमेरिका– रु.३१७५५/

५.तकदिर महर्जन ग:छैं, कीर्तिपुर हाल बेल्जियम– रु.३०,०९५/

६.शिवचन्द्र महर्जन बाहिरीगाउँ, कीर्तिपुर हाल कतार– रु.३०,०३८/

७.दिपक रायमाभी र हरिराज ओभा (आमा स्व.शान्ती रायमाभीको सम्भनामा) भत्केपाटी, कीर्तिपुर हाल अष्ट्रेलिया– रु.३०,०००/

८.एन आर एन ए सारजाह क्षेत्रिय कमिति यूएई–रु.२९,२७८/

९.निमेश महर्जन याक:छैं, पाँगा हाल अमेरिका– रु.२६,४६२/

१०.राजेन्द्र श्रेष्ठ नयाँबजार, कीर्तिपुर हाल अमेरिका– रु.२६,१८७/

११.भरत प्रसाद बाँस्कोटा सल्यानस्थान, कीर्तिपुर (अमेरिका – रु.२५,०९३/

१२.गौरीराज महर्जन नयाँबजार, कीर्तिपुर हाल कतार– रु.२५,०००/

१३.गौतम नकर्मी नयाँबजार, कीर्तिपुर हाल अमेरिका – रु.२५००० /

१४.रत्नवहादुर महर्जन नयाँबजार, कीर्तिपुर– रु.२५,०००/

१५.रामचन्द्र डंगोल इटागोल, कीर्तिपुर –रु.२५,०००/

१६.ई.सरोज महर्जन (हजुरबुबा स्व.सन्त ब. महर्जनको सम्भनामा) भाजंगल, कीर्तिपुर हाल स्वीडेन – रु.२५,०००/

१७.गंगाराम महर्जन इटाछैं, कीर्तिपुर हाल अमेरिका –रु.२१,२००/

१८.सुरेश महर्जन बाघभैरव, कीर्तिपुर हाल अमेरिका –रु.२१,२००/

१९.डा.गौरी महर्जन नगाउँ, कीर्तिपुर हाल जापान –रु.२०,४८९/

२०.पियुष चन्द्र कायस्थ नयाँबजार, कीर्तिपुर हाल अष्ट्रेलिया –रु.२०,४००/

२१.दिलिप के.सी. भाजंगल, कीर्तिपुर हाल जापान – रु.२०,२००/

२२.संजयलाल डंगोल सहिदपथ, कीर्तिपुर हाल साईपान –रु.२०,०८०/

२३.अन्जना महर्जन स्व.सासु राममाया महर्जनको सम्भनामा) धल्पा, कीर्तिपुर– रु.२०,०००/

२४.प्रेमदास र स्वर्णलता महर्जन (स्व.बाबु नारायणदास स्व.आमा दिलमायाको सम्भनामा) नगाउँ, कीर्तिपुर– रु.२०,०००/

२५.आशारत्न बज्राचार्य (युनिक टेलर्स) नयाँबजार, कीर्तिपुर( – रु.२०,०००/




TVS

shanker

JAGDAMBA MOTORS





साँचो सफलता तर्फ

NOW IN KIRTIPUR

Exclusive Showroom for TVS Motors

(FOR BOOKING AND MORE DETAILS)

HOUR MOTORS PVT.LTD.

HOUR MOTORS PVT. LTD.
Balaju, Kathmandu, Nepal
Phone No: 01-4360401
Email: hourmotorsnp@gmail.com

HOUR MOTORS PVT. LTD.
Kirtipur, Kathmandu, Nepal
Phone No: 01-4333605
Email: hourmotorsnp@gmail.com

FINANCE र EXCHANGE
को पनि सुविधा छ ।

Finance Partner:
दर्शन बचत तथा ऋण सहकारी संस्था लि.
कीर्तिपुर न.पा.-१७, काठमाडौँ, फोन नं. ०१-४३३४२३५

# रोचक र अनौथो



## नाकले टाइप गरेर दुईवटा विश्व रेकर्ड

कम्प्युटरको कि बोर्डमा तिब्र गतिमा हात दौडाएर निकै छिटो छिटो टाइप गर्ने कतिपय मानिसहरुको गति देख्दा हामी अचम्ममा पर्छौं। हातले टाइप गर्दा त अचम्ममा परिन्छ भने यदि कसैले हातको साटो नाकले टाइप गरेको देखियो भने कति अचम्म होला ? भारतको हैदरावादका एक युवकले आफ्नो नाकले नै तिब्र गतिमा कम्प्युटर टाइप गरी सबैलाई तिनछक त पारेकै छन, आफ्नो नाममा दुई वटा वर्ल्ड रेकर्ड समेत कायम गरेका छन्।

उनले आफ्नो नाकले यति तिब्र गतिमा टाइप गर्छन् की धेरै मानिसले त्यति बेजोडसँग त हातले पनि टाइप गर्न सक्दैनन्।

इन्जिनियरिंगका विद्यार्थी रहेका मोहम्मद खुर्सीदले १० वर्षको हुँदादेखि नै टाइपिंग सिक्न सुरु गरेका थिए। नाकले टाइप गर्ने कलामा पोख्त हुनका लागि उनले दिनमा ८ घण्टासम्म टाइप गर्दथे ।

उनले पौने चार सेकेण्डमा औँलाले पूरै अल्फाबेट टाइप गरेर सन् २०१२ मा विश्व रेकर्ड कायम गरेका थिए। त्यस्तै ४७ सेकेण्डमा नाकले १ सय ३ वटा शव्द टाइप गरी सन् २०१४ मा उनले अर्को अद्भुत रेकर्ड कायम गरे।

नाकले टाइप गर्ने बेला उनले विभिन्न समस्यासँग पनि जुध्नुपर्छ। नाक किबोर्डमा धसेर टाइप गरिरहँदा कि बोर्ड आँखाले हेर्न निकै सकस पर्दछ।


## हिरो/हिरो होण्डा मोटरसाइकल तथा स्कूटरका ग्राहकहरूलाई सुवर्ण अवसर "फ्रि सर्भिस कयाम्प"

यस कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि. र नेपालको लागि हिरो मोटरसाइकल तथा स्कूटरको आधिकारिक बिक्रेता श्री नेपाल जनरल मार्केटिङ्ग प्रा.लि.को संयुक्त आयोजनामा निम्न अनुसारको मिति समय र स्थानमा दक्ष प्राविधिकहरूद्वारा हिरो/हिरो होण्डा मोटरसाइकल तथा स्कूटरहरूको फ्रि सर्भिसिङ्ग क्याम्प सञ्चालन हुने सहर्ष जानकारी गरिन्छ। उक्त फ्रि सर्भिस क्याम्पमा फ्रि सर्भिसिङ्ग सुविधा दिनुको साथै १०% छुटमा स्पीयर पार्टसहरू समेत उपलब्ध गराइन्छ। हिरो / हिरो होण्डा मोटरसाइकल तथा स्कूटरका ग्राहकहरूले उक्त फ्रि सर्भिस कयाम्पमा सहभागी हुन भई लाभ उठाउनु हुन अनुरोध गरिन्छ।

नाम दर्ता गर्ने : २०७३/१०/११ देखि २० गतेसम्म
समय : कार्यालय समयभित्र (बिहान १०:०० बजेदेखि ४:३० बजेसम्म)
स्थान : कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.

फ्रि सर्भिस कयाम्प हुने
मिति : २०७३ साल माघ २३, २४ र २५ गते
समय : बिहान १०:३० बजेदेखि ३:०० बजेसम्म
स्थान : कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था प्रागण

Hero

नेपाल जनरल मार्केटिङ्ग प्रा.लि.    कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.

फोन नं. ४३३०६०९, ४३३५५५१



## निमन्त्रणा

कीर्ति सेकेण्डरी बोर्डिङ्ग स्कूल, नगाउँद्वारा आयोजित सरस्वती पूजाको पावन अवसरमा प्ले ग्रुप (PG) मा अक्षर आरम्भ कार्यक्रममा आफ्ना बालबालिकाहरूलाई सहभागी गराई नि:शुल्क भर्ना कार्यक्रममा सहभागी होऔं।

**समय: विहान ८ बजेदेखि १० बजे सम्म**
**स्थान: विद्यालय प्राङगन**
**मिति: २०७३ माघ १९ गते ब्रुधवार**
**सम्पर्क: ०१४३३२५१३**

प्रिन्सिपल
कीर्ति स्कूल



## Admisson Open

In
Play Group for new academic Session 2074 B.S.

Free admission till
Saraswoti Puja

Phone: 014333771

Star Montessori Pre-School
Dhalpa, Kirtipur-5


Exchange Offer
Online Shoping को लागि
Playstore मा MN Shop App. को व्यस्था
सम्पुर्ण सामानहरुमा वारेन्टी
सस्तो, भरपर्दा र उत्कृष्ट ब्राण्डका सामानहरु
SAMSUNG
ZTE
COLORS
GIONEE
Make Smiles
oppo
Camera Phone
ZOPO
SMARTPHONE
MEIZU
HUAWEI
LAVA
Mobile
Nikunja Pvt. Ltd.
Head Office:
Kirtipur-17, Kathmandu ☎ : 01-4333257
E-mail: mobilenikunj4333257@gmail.com
Showroom:
Kirtipur-17, Kathmandu
Prayag Pokhari-12, Lalitpur
Kuleshwor-14, Kathmadu
Mahabauddha-5, Mobile House

# पहिलो सहभागितामा नै रिड मोडल च्याम्पियन



**–नविन महर्जन–**

भलिबल खेल नेपालको एक लोकप्रिय खेल हो । विशेष गरी नेपालको तराईदेखि पहाडसम्म विद्यालय, कलेज एवं देशको कुना काप्चामा सजिलै खेल्न सक्ने र खेल्ने खेल हो भलिबल । ढोरपाटन भलिबल प्रशिक्षण क्लबले महिला भलिबललाई उकास्न निरन्तर प्रयास गर्दै जाँदा यसको लोकप्रीयताको साथ साथै राष्ट्रिय टिमको समेतस्तर बृद्धि हुँदा अन्तरराष्ट्रिय प्रतियोगितामा समेत प्रभाव पार्न सफल हुँदै आएको छ। सार्क स्तरमा भारत वाहेक अरु राष्ट्रसँग चुनीती पेश गर्ने क्षमता बनाइसकेको छ । यसको श्रय ढोरपाटन टिमलाई जान्छ ।

गत शनिवार १२ औं ढोरपाटन डबल लिग महिला भलिबल प्रतियोगिता सम्पन्न भएको छ। उक्त प्रतियोगितामा नयाँ प्रवेश रिड मोडल कलेजले पहिलो सहभागितामा नै डिफेन्डिंग च्याम्पियन एपिएफ टिमलाई पराजीत गर्दै नयाँ च्याम्पियन बन्न सफल भएको छ ।

महिला भलिबलमा संधै एपिएफ, न्यू डाइमन्ड र पुलिस बीच प्रतिस्पर्धा हुँदै अधिकांश खेल एपिएफले हात पार्ने गर्थ्यो तर यस १२ औं संस्करणमा नयाँ टिमको उदय भएको छ । भारतीय खेलाडीहरुको बाहुल्यता भएको रिड मोडल कलेजले अपराजित हुँदै कुल १५ खेलबाट ४५ अंक बटुल्दै प्रथम भएको थियो ।

उपाधि भिडन्तमा रिड मोडलले एपिएफलाई २५-२०, २५-१६, २५-२० अंकले हराउँदै ट्रफी सहित ३ लाख २० हजार रुपैया हात पार्न सफल भएको थियो ।

दोस्रो स्थानमा रहेको एपिएफले १५ खेल बाट ३९ अंक जोडेको थियो । त्यसैगरी तेस्रो स्थानमा रहन सफल न्यू डाइमन्डले १५ खेलबाट ३३ अंक जोडेको थियो ।

अन्तिम लिग खेलमा न्यू डाइमन्डले पुलिसलाई २५-२२, २५-१५, २५-२३ले स्तब्ध पारेको थियो। यस प्रतियोगितामा वेस्ट स्पाइकर रिड मोडलकी निर्मला, वेस्ट लिफटर रिड मोडलकै तेरिन, वेस्ट सर्भर एपिएफकी नेविका चौधरी, वेस्ट क्लिकर न्यू डाइमन्डकी ललिता नाथ, वेस्ट डिफेन्स पश्चिमान्चलकी एमकली कुंवल, वेस्ट ब्लकर एपिएफकी उषा विस्ट, तथा वेस्ट प्रशिक्षक रिड मोडलका खुम गाउँले घोषित भएका थिए ।

त्यसैगरी राइजिङ प्लेयर आयोजक ढोरपाटन स्पोर्टस क्लबकी तारा भण्डारी, प्लेयर अफ द सिरिज पुलिसकी कामना विष्ट, वर्ष खेलाडी एपिएफकी सरस्वती चौधरी तथा वेष्ट प्लेयर रिड मोडलकी मिनिमलले हात पारेको थियो । न्यू डाइमन्डकी प्रतिमा माली ग्रेट एचिभमेन्ट अवार्डबाट सम्मानित भएकी थिइन् । लिगको समापनमा प्रतिमाले अवार्डसंगै एक थान स्कुलटर समेत प्राप्त गरेकी थिइन् ।

यसरी महिला भलिबललाई उकास्न नयाँ योजना साथ एक संस्था अगाडि बढीरहेको छ । यसलाई मध्यनजर गर्दै सरकारी निकायले आफनो कार्यक्रम अगाडि बढाउन सकेमा भलिबल खेलको विकास हुनेमा दुई मत छैन ।

साहित्य

# मेरो कीर्तिपुर



**संगिता श्रेष्ठ**

मेरो कीर्तिपुर कति सुन्दर र ऐतिहासिक छ
आफ्नै संस्कार र संस्कृति बोकेको छ ।
चारैतिर मठमन्दीर अनी आफ्नै परिचय छ
मेरो सुन्दर कीर्तिपुर
वीर पुर्खाका सन्तान कीर्तिपुरवासी हामी
कीर्तिपुरमा परिवर्तन गर्नुछ एक भै अब हामी
मेरो सुन्दर कीर्तिपुर
जन्मभूमि जनकपुर त कर्मभूमि कीर्तिपुर
कर्मभूमिको रक्षा गर्ने मेरो ठूलो इच्छा
मेरो सुन्दर कीर्तिपुर
संस्कृतिको धरोहर हाम्रा जेष्ठ नागरिक
उनीहरुको सेवा गर्ने हाम्रो कर्तव्य हो
सामाजिक काम गर्न चुक्नु हुन्न अब
चुलोचौको मात्र अब हाम्रो जीवन होइन
मेरो सुन्दर कीर्तिपुर
फुटी होइन जुटी अब अघि बढौं साथी
बीर पुर्खाले देखाईएको बाटो रोजौं साथी
मेरो सुन्दर कीर्तिपुर
झुक्ने छैन शीर मेरो,
कीर्तिपुरवासी हुँ म त
कीर्तिपुरवासी भन्न पाउँदा
बढ्छ मेरो शान त
मेरो सुन्दर र ऐतिहासिक कीर्तिपुरक

# अशोक शोकीका कविता



## १. अशोक शोकी भयो

कलम आँसुमा चिप्लिएर व्यथाहरू रगतले लेख्दै छु
आँसुले बह धोएर दुःखको निदान खोज्दै छु
विगत बिलौना र चीत्कार चित्कार्दै
निस्सीम निशामा बिलाउँदै गयो
तर आगतलाई आर्तनाद छोडेर गयो
जिन्दगी अभाव र तनावको खात रहेछ
घात र आघात रहेछ
समयचक्रसँगै जिन्दगी जिइरहेछु
अवसादको हलाहल पिइरहेछु
जिन्दगी चलिरहेछ
जिन्दगी जलिरहेछ
आफूभित्र आफ्नै परिभाषा हराएको छ
पहिरो झैँ भस्किरहेछ
सन्तापले हृदयमा बाढी
उर्लिरहेछ यसैले अशोक शोकी भयो,
शोकमा पिल्सिइरह्यो

## २.आज कलम

आज कलम किन किन यताउता नाच्न थाल्छ
तिम्रा अनिमेष नयनको चित्र कोर्न खोज्छ
चित्र लेख्न खोज्दाखोज्दै व्यथा लेख्न थाल्छ
व्यथाको कथाबाट परेला बर्सिन थाल्छ
हृदयको पाना भिजेर कथा मेटियो
मेटिएको कथामा तिम्रो तस्बिर झल्कियो
झल्कोसँगै तिम्रो मीठो मुस्कान आयो
मुस्कानसँगै विरहाग्निरोदन छायो
रोदनले चस्स छोयो, मनमा जलन भयो
हाम्रो भेट मरुभूमिको तिर्खाजस्तै भयो
अशोक शोकीको कलम यसरी चिप्लियो पुस्तकबाट








# सडक डिभिजन कार्यालय भक्तपुरको अनुरोध

सार्वजनिक सडकमा निर्वाधरुपमा आवतजावत गर्न पाउनु सबैको नैसर्गिक अधिकार हो । तसर्थ यसको सम्बर्द्धन, सम्भार एवम् सुरक्षा गर्नु हामी सबैको साझा कर्तव्य हो । सडक सीमा अतिक्रमण गरी घर, टहरा लगायत अस्थायी एवम् स्थायी संरचनाहरु निर्माण गर्नु सार्वजनिक अपराध हो । साथै यातायात आवागमनमा बाधा पुग्ने गरी सडक सीमाभित्र निर्माण सामाग्रीहरु सडकमै थुपार्ने, सडकमै सवारीसाधन धुने, सडक नाली पुरी बाटो बनाउने तथा ढल मिलाउने एवम् फोहोरमैला डम्प गर्ने कार्यजस्ता आदि नगरिदिनुहुन तथा सडकमा लिकेज भएका खानेपानी तथा ढलका पाइपलाइनहरु सम्बन्धित निकायबाट यथाशिघ्र मर्मत तथा सम्भार गरिदिनु भई सडक संरक्षण गर्ने कार्य मा सहयोग गरिदिन सबै सरोकारवाला पक्षहरुसंग हार्दिक अनुरोध गरिन्छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक डिभिजन कार्यालय भक्तपुर

तपाईको टोलमा भएका घटना कीकिर्तपुरको समाचार बनाउने हो भने तपाई एक कल फोन गर्नुस् हामी तपाईको टोलको समाचार कीर्तिपुरको समाचार बनाईदिनेछौं

**कीर्तिपुर सन्देश साप्ताहिक**

*कीर्तिपुरको चित्रण*

कार्यालयः **निखासी टोलः कीर्तिपुर नपा-३**

**फोन नं.: ४३३३००७, ९८४१४०१०७७**



**ज्वजलपा वाःपतिइ छिगू चिनाखँ/बाखं/हाइकू विज्ञापन व मेमेगु च्वसू पिथनेगु जूसा जिमित स्वापू तयादिसँ**

*सकलसिगु मंकाः सः*

ज्याकूः **निखासी त्वाः किपू नपा-३ फोन ल्याः ४३३३००७, ९८०८६२६४२०**

**ई-मेल :** kirtipur_sandesh@live.com


# भन्सार विभाग

त्रिपुरेश्वर, काठमाडौंको

# सूचना

तपाईले आयात/निर्यात गर्न लागेको सामानमा कति महसुल लाग्दछ ? कति छुट पाउनुहुन्छ वा आयात/निर्यात प्रतिबन्ध छ ? जस्ता,

भन्सार सम्बन्धी कुनै जिज्ञासा भएमा हामीलाई सम्झनुहोस् । हामी तपाईको जिज्ञासाको समाधान गर्ने प्रयास गर्नेछौं । आफ्नो जिज्ञासाका सम्बन्धमा कार्यालय समयभित्र स्वयं उपस्थित भएर वा फोन मार्फत पनि सम्पर्क राख्न सक्नुहुनेछ ।

कार्यालय समयभित्र प्राप्त फोनको तत्काल जवाफ पाउन सक्नुहुनेछ भने कार्यालय समय अघिपछि फोन गर्दा कुनै जिज्ञासा भएमा भन्नु सक्नुहुनेछ । फोनमा रिकर्डिङ सिष्टम भएकोले कार्यालय खुलेपछि त्यसको जवाफ दिइनेछ ।

**भन्सार विभाग सेवाग्राही सेवाकक्ष**

**त्रिपुरेश्वर, काठमाडौं ।**

फोन नं.०१-४२५९८६१, टोल फ्रि नं : १०६००१२१२२३

ईमेल : csd@customs.gov.np


**SHEMROCK**

**SIMRIK**

**Montessori Training Center**

**Kirtipur-17, Kathmandu**

**Why Montessori Training in Shemrock Simrik ?**

- Trained by Experienced Teacher
- Practice in standard Montessori lab
- Standard Art & Craft(Rhymes & Games)
- Free Piano class & rhymes
- Free teaching training
- Intership in Shemrock Simrik
- 100% Job placement



Morning Shift
07:00-09:00



Evening Shift
04:00-06:00

Contact for Admission

**Contact: 4330646, 9841353526, E-mail: simrikshemrock@gmail.com**

# "कीर्तिपुरको संक्षिप्त चिनारी" पुस्तकमा कीर्तिपुरको ऐतिहासिक पृष्ठभूमि बारे यसरी लेखिएको छ




१.१ ऐतिहासिक पृष्ठभूमि :

परापूर्वकालमा काठमाडौं उपत्यका दहको रुपमा रहेको र मञ्जुश्रीबाट कच्छपाल पर्वत काटेर दक्षिण दिशाबाट पानी पठाई उपत्यकामा बस्ती बिकास गरेको धार्मिक किम्वदन्ती बारे स्वयम्भु पुराणमा उल्लेख गरेको छ। त्यस्तै पाँचहजार वर्ष पहिले द्वापरयुगमा मथुराको श्रीकृष्णले माथि उल्लेख गरे झैं रहेको दहको पानी सुदर्शन चक्रले काटेर च्वबहाःगल्छीबाट निकास गरी जमिन सुकेपछि श्रीकृष्णसँग आएका ग्वालाहरुले यहाँ बस्ती बसालेको भन्ने प्रसँग हिम्वतखण्डमा वर्णन गरेको पाइन्छ। श्रीकृष्णसँग आउने ती ग्वालाहरु नै अहिले गोपाली वा ग्वाः हुन् भन्ने भनाइ रहेको छ।

"…. काठमाडौं खाल्डो प्राचीन कालमा धापिलो नै भएकोले दक्षिण पश्चिम तर्फ केही उचो भागमा गौशाला बनाई बसोबास गरिरहेका गोपाल अर्थात् गोठालाहरुको बस्तीको चर्चा भेटिन्छ। ती गोठालाहरु मध्येकै एकजना 'नेप' नाउ गरेका गोठालाको गाईमार्फत पशुपतिनाथ फेला परेको कुरा वंशालवलीहरुमा उल्लिखित भएबाट आजकालको कीर्तिपुरमा उपत्यकाको अतिप्राचीन सम्भवतः पहिलो आवादी रहेको सम्भावनातिर संकेत मिल्दछ।" भन्ने उल्लेख भएबाट र बस्ती विकास सम्बन्धी विभिन्न स्थानको उदाहरण र इतिहासबाट पनि कीर्तिपुर अत्यन्त प्राचीन बस्ती भएको मान्न सकिन्छ। त्यस्तै …."उपर्युक्त घटनाबारे गोपालराज वंशावलीमा यसरी वर्णन गरिएको छ '…. त्यसपछि मालाखातबाट गोग्रामको आगमनले 'नेप' नाउँ गरेका गोठालाको बहुह्नी नाउँकी कैली गाई वाग्मतितीरमा आफै गएर उशीर (एक प्रकारको सुगन्धित घाँस)को थुप्रोमा दूधको धारले सिञ्चन गर्ने ठाउँमा (त्यस नेप) गोठालाले देखेर खन्दा श्रीपशुपतिनाथको प्रादुर्भाव भयो'। साथै वंशावलीहरुमा के पनि लेखिएको छ भने पशुपतिनाथको दर्शन पाउने बितिकै ती नेप गोपाल मुक्त भएको तथा पछि यिनकै छोरा राजा बनाइए। ती भूमातङ्ग नै गोपालवंशका संस्थापक भए।…" हालसम्म पनि कीर्तिपुर डाँडा, च्वबहाः लगायत यस भेगको मच्छेगाउँ, थानकोटमा गोपालीहरुको बसोबास रहेको छ। नेपालभाषामा यी गोपालीलाई ग्वाः भन्ने गरिआएको छ। ती ग्वाःको नाउँमा कीर्तिपुर डाँडा थांबहाः टोलमा १० फिट चौडाइ ८ फिट लम्बाइ, ३/४ फीट गरिराईको 'ग्वाः पुखू' रहेकोमा हाल यो म्हासिसकेको अवस्था छ, च्वबहाः डाँडामा 'ग्वाःदिप' (गोपाल मसान), 'ग्वाःननि (गोपाल चोक) र त्यस ग्वाःननिमा ग्वाःछेँ (गोपालीको घर), गाई बाध्न राखेको ढुङ्गा, हँसियामा धार लाउने ढुङ्गा गोपालवंशको अवशेषको रुपमा हालसम्म विद्यमान रहेको छ। सातगाउँले जात्राको क्रममा कीर्तिपुरको महत्वपूर्ण खलः, गुठीका गुठियारहरु प्रत्येक वर्ष पालैपालो गरी लाखय् पाः (पालो) बस्ने विशेष पर्व चलाउँदै आएको छ, त्यसमा गोपालीहरुको बढी पटक पालो आउने भूमिका रहेको छ भने कीर्तिपुरको कोतघरमा बडादशैंको अवसरमा द्वादशीको दिन गोपाली परिवारको प्रतिनिधिबाट प्रधानहरुले सम्मानकासाथ टिका थापी उहाँलाई पनि सम्मानकासाथ विशेष रुपमा भोजन गराउनु पर्ने परम्परा यद्यपि चलिरहेकै छ। तसर्थ गोपाली परिवार हालसम्म पनि सम्मानित रहँदै आएको छ। गोपालराज वंशावलीमा पशुपति पत्तालगाउने गाई धनीको नाउँ 'नेप' लेखिएको एवं बाबुराम आचार्यले काठमाडौं खाल्डोका प्राचीन निवासीहरु आफूहरुलाई 'नेवार' भन्दथे भनेर देवीप्रसाद भण्डारीद्वारा सम्पादित नेपालको संक्षिप्त इतिहास पूर्णिमा अंक २२ मा बाबुराम आचार्यले उपत्यकाका पुराना बासिन्दाहरुको वारे यसरी लेखेका छन् , 'यिनीहरु आफ्नो जातलाई नेवार भन्दथे। उस समयका मगधहरु 'रेफ'का बदला ल बोल्दथे। यसकारणले यिनीहरुलाई नेपाल भन्न लागे। विस्तार विस्तार यही शब्द देशको नाम भयो।'… बाबुराम आचार्यको भनाई ऐतिहासिक रुपले प्रमाणित भएको मानिहाल्यौं भने वर्तमान कीर्तिपुर उपत्यकाको प्राचीनतम आवाद थलो मात्र होइन कि यसै थलोमा बसोबास गरेको जातिले नै देशको नाउँ शुरु गरेको सिद्ध हुन्छ।" ती वंशावलीहरुमा उल्लेख भएको तथा विद्वानहरुको वर्णन अनुसार कीर्तिपुर ऐतिहासिक रुपमा अत्यन्त महत्वपूर्ण तथा गरिमामय रहेको देखिन्छ।

"नेपाल सम्वत २१९ मा श्रीशिवदेव राजा भए … कीर्तिपुरमा वलवलदेवीकहाँ तपस्या गरी बल्खु नदीमा बाँध बाँधे। ठाउँ ठाउँमा ढुंगेधारा, कूवा, पोखरीहरु बनाए। चारतले पञ्चपुरसहितको श्रीराजगृह राम्ररी जग हाली बनाए" भन्ने गोपालराज वंशावलीमा उल्लेख भएको पाइन्छ। यसरी ११/१२ औं शताब्दीतिर उत्तर लिच्छवीबंशको ठकुरी राजा शिवदेवले एउटा व्यवस्थित बस्ती "पुर"को रुपमा

"…. काठमाडौं खाल्डो प्राचीन कालमा धापिलो नै भएकोले दक्षिण पश्चिम तर्फ केही उचो भागमा गौशाला बनाई बसोबास गरिरहेका गोपाल अर्थात् गोठालाहरुको बस्तीको चर्चा भेटिन्छ। ती गोठालाहरु मध्येकै एकजना 'नेप' नाउ गरेका गोठालाको गाईमार्फत पशुपतिनाथ फेला परेको कुरा वंशालवलीहरुमा उल्लिखित भएबाट आजकालको कीर्तिपुरमा उपत्यकाको अतिप्राचीन सम्भवतः पहिलो आवादी रहेको सम्भावनातिर संकेत मिल्दछ।" भन्ने उल्लेख भएबाट र बस्ती विकास सम्बन्धी विभिन्न स्थानको उदाहरण र इतिहासबाट पनि कीर्तिपुर अत्यन्त प्राचीन बस्ती भएको मान्न सकिन्छ

विकास गरिएको इतिहासकारहरुको बर्णन र देशको चारैतर्फ आवश्यक हिसाबले गढपर्खाल पानीको खाई स्वरुप पोखरीहरु बनाएर गएको भनी उल्लेख गरेको पाइन्छ। वंशावलीकारहरुको भनाई अनुसार पुरानो गुंदेलाई सामाजिक, धार्मिक र सांस्कृतिक रुपले सुधार गरेर राजा शिवदेवले "पुर"को रुपमा विकास गरी कीर्ति स्वरुप यस ठाउँको नाउँ कीर्तिपुर रहन गएको भनाई पनि रहेको छ। कीर्तिपुरको अलावा किपू, पद्मकाष्ठपुर, पद्मकाष्ठगिरी र गुंदे आदि नामहरु विभिन्न अभिलेखहरुमा उल्लेख भएको पाइन्छ।

ऐतिहासिक रुपले महत्वपूर्ण कीर्तिपुर डाँडा गढपर्खाल, जंगल र पोखरीले घेरिएको र १२ वटा मूल ढोकाको रुपमा रहेको र केही ढोकाहरु पुनःनिर्माण भएको छ भने कही ढोकाको अझै अवशेष बाकि रहेका छन्, जस्तै १) द्यःध्वाखा २) गःछेँ ध्वाखा ३) आजुद्यः(बाघभैरव) ध्वाखा ४)चीथू ध्वाखा ५) पुखुसि ध्वाखा (मारख्यः) ६) ध्वाखासि ७) बादेगाः ध्वाखा ८) न्यातःपा ध्वाखा (पाघु) ९) पालिफः ध्वाखा १०) सागः ध्वाखा ११) समः ध्वाखा १२) सी ध्वाखा।

ने.सं.७७५ तिर कीर्तिपुरमा गःछेँ, थाँबहाः, कुरुसा, क्वथुभ्वः, चुसथरी र तःननी ६ वटा टोलहरु प्रमुख रुपमा देखा परेकोमा कालान्तरमा ती टोलहरु टुक्रिन गइ १२ टोल गछेँ(द्यःध्वाखा, थाँबहाः(समल, कुरुसा(सागः, क्वथुभ्वः(बाइगाँ, चुसथरी(इताछेँ र तःननी(तुँभ्वः टोल भएकोमा हाल पचासौंवटा टोलहरु नामाकरणमा आइसकेको पाईन्छ।

क्रमशः

गरिबी न्यूनीकरणका लागि ग्रामीण यातायात देश विकासको पूर्वाधार

हाम्रा कार्यक्रमहरू

–सामुदायिक विकास र ग्रामीण जीविकोपार्जन सुधारका लागि सामाजिक परिचालन तथा जनचेतना अभिवृद्धि कार्यक्रम।
–क्षमता अभिवृद्धि र विकेन्ति शासन व्यवस्था प्रोत्साहन कार्यक्रम।
–ग्रामीण यातायातका लागि पूर्वाधार विकास कार्यक्रम
–आयोजना व्यवस्थापन तथा सेवामुखी कार्यक्रम

**नेपाल सरकार**
**स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग**
विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम (DRILP)
जावलाखेल, ललितपुर

कृषकवर्गलाई खुशीको खबर

कृषि सामग्री कम्पनी लि.ले आयात गरेको उच्च गुणस्तरको यूरिया, डि.ए.पी, पोटास, फोलमल एवं भर्मिकम्पोष्ट, प्राङगारिक मल कम्पनीका जिल्लास्थित कार्यालयहरुबाट धमाधम बिक्री वितरण भइरहेको हुँदा उक्त मल प्रयोग गरी उत्पादन वृद्धि गरौं। साथै मल खरिद गर्दा तौल यकिन गरी मात्र खरिद गर्नु हुन समेत अनुरोध गर्दछौं।

**कृषि सामग्री कम्पनी लिमिटेड**
AGRICULTURE INPUTS COMPANY LTD.
(An Undertaking of Government of Nepal

# हार्दिक श्रद्धाञ्जली







जन्म : २००१ ने.सं. १०६५
असार कृष्णपक्ष एकादशी

## स्व. हरि कुमारी महर्जन

स्वर्गारोहण : २०७३ ने.सं.
११३७ पौष शुल्क पक्ष द्वादशी

ज्यापू पुचः पाँगाका सदस्य देवकाजी महर्जन, आदरणीय दाजु जुजुकाजी महर्जनका ममतामयी आमा **हरि कुमारी महर्जन**को गत पौष २६ गते सोमवार ७२ वर्षको उमेरमा असामयीक स्वर्गारोहण भएकोले हामी मर्माहित भएका छौं । दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस् भनी समवेदना व्यक्त गर्दछौं ।

**श्रद्धाञ्जली दिनेहरु :**

मथुरा महर्जन
रत्नकाजी महर्जन
सुवास डंगोल
दिलेश्वर महर्जन
बिकेन्द्र महर्जन
बिक्रम महर्जन
दिपेन्द्र महर्जन
जितेन्द्र महर्जन
कबि कुमार महर्जन
अर्जेन महर्जन
बिरेन्द्र महर्जन
बिजयराम महर्जन
डिकेन्द्र महर्जन
ज्ञानमान महर्जन
गीत गोविन्द महर्जन
कविराज महर्जन
लक्ष्मण महर्जन
मनिक राजा महर्जन
निक्सन महर्जन
राजकुमार महर्जन
रोशन महर्जन
रुपेन्द्र महर्जन
सागर डंगोल
सहदेव महर्जन
शान्तकुमार महर्जन
सुरेन्द्र महर्जन
राजेन्द्र महर्जन
सुशान श्रेष्ठ
राजमान महर्जन
प्रदिप महर्जन
पवित्र महर्जन
गणेश महर्जन
बिदुर महर्जन


"Come to Us for All Your
Creative Designing Needs"
Cultural & Fashionable
Ornaments
"Purity is Our Moto"
"Makes You Feel Who You are"
•Exhange Offer •Gold Purity test •Gold Loan Facilities
पद्मिनि
Jewellers
Padmini Jewellers Pvt. Ltd.
Tagawapi, Kirtipur -17, Kathmandu
: 01-4331046